# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन

(नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२)

'**सभ्य समाजको पहिचान: लैङ्गिक हिंसाविरुद्धको अभियान**' भन्ने नाराका साथ यो वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गरियो । सरकारी तथा गैरसरकारी क्षेत्रबाट हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म यो अभियान सञ्चालन गर्ने गरिन्छ । नेपालको संविधान (२०७२)[1] को धारा ३८ को उपधारा ३ ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरेको छ । महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६[2] जारी भई लागु भएको छ । लिङ्गका आधारमा महिला तथा बालिकामाथि हुने हिंसा र हत्याका घटनामा बृद्धि हुँदै आएको विभिन्न तथ्याङ्कले देखाएका छन् ।

| क्रसं | घटनाको प्रकार र उपप्रकार | सङ्ख्या |
|---|---|---|
| | **बाल अधिकार** | |
| १ | बलात्कार | ७ |
| २ | यौन दुर्व्यवहार | २ |
| | **महिला अधिकार** | |
| १ | बलात्कार | ३ |
| २ | यौन दुर्व्यवहार | १ |
| | **परिवारजनबाट हत्या** | |
| १ | पत्नी हत्या | ४ |
| **जम्मा** | | **१७** |

***सन् १९६० मा डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन जना दिदीबहिनीलाई तत्कालीन त्रुजिलो तानाशाही सरकारले निर्मम हत्या गरेको थियो । उक्त हत्यालाई लिङ्गका आधारमा हुने राजनीतिक हिंसाको रूपमा लिने गरिन्छ । एकै परिवारका तीन जना दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको हत्यालाई महिलाविरुद्धको हिंसाको रूपमा लिएर उनीहरूको सम्मान र सम्झनाका लागि १६ दिने अभियान मनाउन थालिएको हो । यो अवधिमा, व्यक्तिहरू, नागरिक सङ्गठन, संयुक्त राष्ट्रसङ्घका निकायहरू महिला र बालिकाहरूको संरक्षणको लागि जवाफदेहिताको माग गर्न एकसाथ सामेल हुन्छन् ।***

नेपालमा महिलाहरूको अवस्था विगतका वर्षहरूमा भन्दा सकारात्मक हुँदै आएको भएपनि सन्तोषजनक मान्न सकिने अवस्थामा अझै आइपुगेको छैन । लैङ्गिक अल्पसङ्ख्यकको त पहिचानकै समस्या ज्यूँका त्यूँ छ । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा केही सुधार भएको छ । यति हुँदाहुँदै पनि विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट महिला तथा लैङ्गिक अल्पसङ्ख्यक पीडित हुँदै आएका छन् ।

मानव अधिकार अनुगमन र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २०२२ को नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म इन्सेक अनलाइनमा प्रकाशित महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूका आधारमा यो प्रतिवेदन तयार पारेको हो ।

१६ दिनको अवधिमा इन्सेक अनलाइनमा प्रकाशित समाचार अनुसार लिङ्गका आधारमा भएका घटनाका तीन जना पीडितलाई इन्सेकले सहयोग प्रदान गरेको छ । कैलाली, सुर्खेत र कपिलवस्तुमा यस्ता पीडितको न्यायका लागि इन्सेकले सहयोग गरेको हो । यो अवधिमा बलात्कार घटनाका आरोपितलाई कैद सजाय गरिएका दुई ओटा समाचार प्रकाशन गरिएको छ । इन्सेक अनलाइनमा प्रकाशित समाचार अनुसार यो १६ दिनको अवधिमा चार

जना महिलालाई पतिले हत्या गरेका छन् । बैतडीमा एक जना युवतीको हत्या भएको र काठमाडौंमा एक जना युवतीलाई 'इन्गेजमेण्ट' तोडेका कारण आत्महत्या गर्न बाध्य पारेको समाचार प्रकाशित छ । जाजरकोटमा बञ्चरो प्रहार गरी, बर्दियामा कुटपिट गरी, सप्तरीमा धारिलो हतियार प्रहार गरी र सुर्खेतमा घाँटी काटेर पत्नी हत्या गरेका घटना सार्वजनिक भए । यि चार ओटै घटनाका आरोपित प्रहरी अनुसन्धानमा रहेका छन् ।

---

[1] https://www.lawcommission.gov.np/np/wp-content/uploads/2021/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2%E0%A4%95%E0%A5%8B-%E0%A4%B8%E2%80%8C%E0%A4%82%E0%A4%B5%E0%A4%BF%E0%A4%A7%E0%A4%BE%E0%A4%A8.pdf

[2] https://www.lawcommission.gov.np/np/wp-content/uploads/2021/01/%E0%A4%98%E0%A4%B0%E0%A5%87%E0%A4%B2%E0%A5%81-%E0%A4%B9%E0%A4%BF%E0%A4%82%E0%A4%B8%E0%A4%BE-%E0%A4%95%E0%A4%B8%E0%A5%82%E0%A4%B0-%E0%A4%B0-%E0%A4%B8%E0%A4%9C%E0%A4%BE%E0%A4%AF-%E0%A4%90%E0%A4%A8-%E0%A5%A8%E0%A5%A6%E0%A5%AC%E0%A5%AC.pdf

सातै प्रदेशमा १७ जना महिला तथा बालिका पीडित भएका समाचार लैङ्गिक हिंसाविरूद्धका १६ दिने अभियानका १६ दिनमा प्रकाशन भए । प्रदेश १ मा चार, मधेसमा दुई, बागमतीमा एक, गण्डकीमा एक, लुम्बिनीमा चार, कर्णालीमा चार र सुदूरपश्चिममा एक जना यो अवधिमा पीडित भए । नौ जना बालिका र आठ जना महिला पीडित भए । *(हेर्नुहोस् टेबुल)*

| क्रसं | प्रदेश र जिल्ला | घटना सङ्ख्या |
|---|---|---|
| | **प्रदेश १** | |
| १ | इलाम | १ |
| २ | ताप्लेजुङ | १ |
| ३ | सुनसरी | २ |
| | **मधेस** | |
| १ | सप्तरी | १ |
| २ | सर्लाही | १ |
| | **बागमती** | |
| १ | काठमाडौँ | १ |
| | **गण्डकी** | |
| १ | लमजुङ | १ |
| | **लुम्बिनी** | |
| १ | दाङ | १ |
| २ | बर्दिया | १ |
| ३ | रुपन्देही | २ |
| | **कर्णाली** | |
| १ | कालीकोट | १ |
| २ | जाजरकोट | २ |
| ३ | सुर्खेत | १ |
| | **सुदूरपश्चिम** | |
| १ | कैलाली | १ |

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । तर, युग सुहाउँदो परिवर्तन अझै आइसकेको छैन । समाजमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन भने अवश्य पनि मद्दत पुगेको छ । निरन्तर रूपमा सार्वजनिक भइरहेका महिला हिंसा र ज्यादतीका घटनाले कानुनको प्रभावकारी कार्यान्वयनको खाँचो औँल्याएको छ । सामाजिक संरचना र बनोटले महिला, बालिका तथा लैङ्गिक अल्पसङ्ख्यकमा पारेको असरलाई भने कानुनी तवरबाट मात्रै समाधान गर्न सकिँदैन भन्ने विभिन्न घटना र तथ्य तथ्याङ्कले देखाएको छ । कानुनमा भएका सुधारसँगै कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीका व्यवहारमा समेत सुधारको खाँचो रहेको छ ।

## निष्कर्ष

लिङ्गका आधारमा महिला तथा लैङ्गिक अल्पसङ्ख्यक विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमको अपराधमा कमी आउँदैन । सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयन गर्न सके महिलाविरुद्ध हुने यस किसिमका हिंसाका घटनालाई न्यूनीकरण गर्न सकिन्छ । गरिबी, अशिक्षा र आर्थिक परनिर्भरतालाई घटाउन सके पनि महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन । बलात्कार पीडित महिलालाई मनोसामाजिक परामर्शका साथै आवश्यकताअनुसार परिवार र समाजमा घुलमिल हुने वातावरण तयार गर्नुपर्ने अवस्था रहेको छ ।

राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न कठिन छ । गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर सरोकारको विषय हो । हुन त यस बीचमा अपराधविरूद्ध उजुरी गर्ने चेतनामा पनि वृद्धि भएको छ । तर पनि स्थानीय प्रहरीमा पीडितलाई मेलमिलाप गर्न दबाब दिने र समाजमा पनि उल्टै पीडितलाई घटना ढाकछोप गर्न लगाउने प्रवृत्ति कायम रहेको इन्सेक अनलाइनमा प्रकाशित समाचार तथा इन्सेकको अनुगमनमा पाइएको छ ।

### पत्नी हत्या घटनाका आरोपित गिरफ्तार

सुर्खेतको पञ्चपुरी नगरपालिका-३ तोक्माकी ३० वर्षीया पत्नी मीना आलेको घाँटी रेटेर हत्या गरेको आरोपमा प्रहरीले ३८ वर्षीय पति अम्मर आले मगरलाई मङ्सिर २० गते गिरफ्तार गरेको छ । मीना आलेको घाँटी काटी टाउको प्लाष्टिकको थैलोमा बोकेर भाग्दै गरेको अवस्थामा प्रहरीले आरोपितलाई गिरफ्तार गरेको हो ।

इलाका प्रहरी कार्यालय बाबियाचौरबाट खटिएको तीनजनाको प्रहरी टोलीले सोहीठाउँको पलैटे स्वास्थ्यचौकी पछाडिबाट आरोपितलाई गिरफ्तार गरेको प्रहरीले जनाएको छ । घटनास्थलमा इलाका प्रहरी कार्यालय बाबियाचौरबाट १३ जनाको प्रहरी टोली खटिएको छ । घटनाको कारण भने खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । आले मगरलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयका एसपी पदमबहादुर विष्टले जानकारी दिनु भयो ।

## सुझावहरू

- कानुन कार्यान्वयनका सवालमा पीडितकेन्द्रीत र महिलामैत्री वातावरणको निर्माण गर्नुपर्ने ।
- लैङ्गिक अल्यसङ्ख्यकका हक अधिकार सुनिश्चित गर्नुपर्ने ।
- भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनु पर्ने ।
- छिटो न्यायका लागि अदालती कारवाही द्रुत गतिमा हुने व्यवस्था मिलाउनुपर्ने ।
- बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहारका घटनाका उजुरीको हदम्याद बढाउनुपर्ने ।
- हिंसापीडितलाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नु पर्ने । आर्थिक स्वतन्त्रता सुनिश्चित गर्नका लागि राज्यले महिलाहरूको क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोहीअनुरूपको परिमार्जन गर्नु पर्ने र कानुन कार्यान्वयनमा कडाइ गर्नुपर्ने ।
- महिला तथा लैङ्गिक अल्पसङ्ख्यकलाई सकारात्मक विभेदको नीति अबलम्बन गरी तीनै तहका सरकारले राज्यको मुलधारमा ल्याउनु पर्ने । यस्तो नीति राजनीतिक दलहरूले पनि अपनाउनु पर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनु पर्ने ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org